आज मिति २०७७।०५।१९ गते शुक्रबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | रामुसाह |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्रीसविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | अनिता |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | सीता |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०७७।०५।१९

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) प्रदेश र स्थानीय तहमा पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी गर्न आयोजना/कार्यक्रम को प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) यस न.पा.को वडा नं.२ नक्टाझिज स्थित श्री जनता मा.वि. मा संचालित क्वारेन्टिनमा काज खटिएका कर्मचारीहरुलाई उपलब्ध गराउन निर्णय भएको थप सुविधा रकम भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३) यस न.पा.कार्यालयको लागि आवश्यक प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार संयोजक र प्रविधिक सहायक पदपूर्तिको लागि परीक्षा सञ्चालन गर्नको लागि आवश्यक प्रश्नपत्र तयार गर्न विषय विज्ञ तोक्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

निर्णय नं. १) प्रस्ताव नं.१ मा छलफल गर्दा संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, सिंहदरबार, काठमाडौंको मिति २०७७।०५।०२ मा प्रकाशित सूचनाबाट प्रदेश र स्थानीय तहमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी गर्न आयोजना/कार्यक्रम को प्रस्ताव आव्हाना गरिएको हुंदा यस आ.व.२०७७।०७८ मा यस न.पा.बाट देहाय बमोजिमको आयोजना सञ्चालन हुने गरी प्रस्ताव पेश गर्ने निर्णय पारित गरियो ।

क) यस न.पा.को वडा नं.१०, लालगढस्थित पुनर्निर्माणाधिन अवस्थामा रहेको श्री धनेश्वर महादेव मन्दिर तथा सतल निर्माण गर्न यस आ.व.को लागि आवश्यक पर्ने जम्मा रु.१,४२,८५,०००।- (अक्षरेपी एक करोड बयालीस लाख पचासी हजार मात्र) मध्ये यस न.पा.बाट लागत सहभागीता वापत ब्यहोरिने ३५ प्रतिशत रकम रु.४९,९९,७५०।- (उनान्पचास लाख उनान्नब्बे हजार सात सय पचास मात्र) यस न.पा.को आ.व.२०७७।०७८ को लागि स्वीकृत वार्षिक बजेट अन्तर्गत Matching Fund मा विनियोजित भएको रकम मध्येबाट व्यवस्था गर्ने ।

ख) यस न.पा.को वडा नं.७ पोखरियास्थित निर्माणधिन अवस्थामा रहेको मिथिला पोखरिया सागरमा थप संरचनाहरु निर्माण गर्न यस आ.व.को लागि आवश्यक पर्ने जम्मा रु.१,४२,८५,०००।- (अक्षरेपी एक करोड बयालीस लाख पचासी हजार मात्र) मध्ये यस न.पा.बाट लागत सहभागीता वापत ब्यहोरिने ३५ प्रतिशत रकम रु.४९,९९,७५०।- (उनान्पचास लाख उनान्नब्बे हजार सात सय पचास मात्र) यस न.पा.को आ.व.२०७७।०७८ को लागि स्वीकृत वार्षिक बजेट अन्तर्गत सोही आयोजना सञ्चालन गर्न विनियोजित भएको रु.५०,००,०००।- (अक्षरेपी पचास लाख) मध्येबाट व्यवस्था गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

०७७/५/१९
हरि नारायण महत
नगर प्रमुख

निर्णय नं. २) प्रस्ताव नं.२ मा छलफल गर्दा यस न.पा. कार्यपालिकाको मिति २०७७।०३।१६ को बैठकबाट यस न.पा.को वडा नं.२ नक्टाझिज स्थित श्री जनता मा.वि. मा संचालित क्वारेन्टिनमा काज खटिएका स्वास्थ्यकर्मी र स्वीपरहरुलाई स्वास्थ्य मन्त्रालयको निर्देशिका बमोजिम साविक पाइरहेको प्रोत्सहान भत्ताका अतिरिक्त दैनिक रु.६००।- (अक्षरेपी छ सय मात्र) थप भत्ता उपलब्ध गराउने निर्णय भएकोमा आ.व.२०७६।०७७ मा बजेट अभाव भएको कारण उक्त थप रकम भुक्तानी हुन बांकी रहेको हुंदा यस आ.व.मा विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी उक्त बांकी रकम भुक्तानी गर्ने साथै सुरक्षाकर्मीहरुलाई भुक्तानी गर्न बांकी प्रत्सहान भत्ता समेत भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ३) प्रस्ताव नं.३ मा छलफल गर्दा यस न.पा.कार्यालयको लागि आवश्यक प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार संयोजक र प्रविधिक सहायक पदपूर्तिको लागि परीक्षा सञ्चालन गर्न आवश्यक प्रश्नपत्र तयार गर्न यस न.पा.का. निम्नानुसारका कर्मचारीाहरुलाई विषय विज्ञ तोक्ने निर्णय पारित गरियो ।

क) शाखा अधिकृत श्री केशव कुमार अधिकारी र अधिकृत छैठौं श्री नवराज पौडेल - रोजगार संयोजक पदको लगि सैद्धान्तिक प्रश्नपत्र तयार गर्ने ।

ख) इन्जिनियर श्री ज्ञानेन्द्र कुमार देव र श्री जयगणेश सिंह - प्रविधिक सहायक पदको लगि प्रविधिक प्रश्नपत्र तयार गर्ने ।

ग) सूचना प्रविधि अधिकृत श्री विजय कुमार सिंह - कम्प्यूटर सम्बन्धी प्रश्नपत्र तयार गर्ने ।

०७७।५।१५